# *बारा जिल्लाको गंजभवानीपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा व्यवसायिक तरकारीखेती तालिम सम्पन्न ।*



काठमाण्डौ नक्सालमा केन्द्रियकार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाकाआफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ पौष २२ गते देखि २४ गते सम्म शाखा कार्यालय गंजभवानीपुमा"व्यवसायिक तरकारी खेतीतालिम" सम्पन्न गरेको संस्थाका गंजभवानीपुर शाखाका प्रमुख ह्दय नारायण यादवले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री विकाश कुमार साह ,श्री समसुल हक मिया दर्जी,श्री प्रदिप कुमार साह,श्री राजेश प्रसाद यादव, रहेका थिए । एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थावाट कर्जा लिई व्यवसाय गरी धेरै घर परिवार आर्थिक सुमुन्नततिर अगाडी बढेको समेत संस्थाका कार्यक्रम अधिकृत हरेराम राउतले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा शाखा प्रमुख ह्दय नारायण यादवले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबै भन्दा ठुलो लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१ वटा शाखाहरु ,१० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी

लघुवित्त सेवा पुरयाई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित,उत्पिडित,पिछडिएका बिपन्न परिवारका महिलाहरुलाई समुहमा आबद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम,उधमशीलताविकाश तालिम ,सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक,सामाजिक,वौद्धिक विकास गर्दै आई रहेको छ। यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।संस्थाले २०७५ मंसिर मसान्त सम्ममा ३ लाख ३३ हजार १४१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ।। संस्थाको २०७५ मंसिर मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु.१६ अरब ५२ करोड ४३ लाख रहेका छ भने ग्राहक सदस्यहरुका ९ अरब ३३ करोड ४२ लाख बचत परिचालन गरेको छ। तरकारी खेती गरि रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान ,सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएका संस्थाका शाखाका शाखा प्रमुख हृदय नारायण यादवले जानकारी गराएका थिए । तालिमको संचालन गंजभवानीपुर शाखाका लेखापाल ओम प्रकाश हरिजनले गरेका थिए हिउँदे तरकारी खेतीप्रविधि ,(काउली,बन्दा,ब्रोकाउली र गाँठ गोवी) करेसाबारीको परिचाय र महत्व, साथै टमाटर,भन्टा,खुर्सानी,भिन्डी खेती प्रबिधि ),तरकारीखेती नर्सरी बनाउने तरिका (सैद्धान्तिक र व्यवहारिक),लहरे तरकारी खेतीप्रविधि (लौका,काँक्रो,फर्सी,करेला,घिरौला),जरे तरकारी ( मुला,गाजर,सलगम) र कोसे तरकारी (सिमी,बोडी,बकुला,केराउ) खेतीप्रविधि, तरकारी खेतीमा मलखादको प्रयोग ,सिचाई तथा ब्यवस्थापन,सागवाली खेती र बेमौसमी तरकारी खेतीप्रविधि, तरकारी वालीमा लाग्ने रोग तथा किराहरुको जानकारी तथा विषादी ब्यवस्थापन,तरकारी वालीमा उचित पोष्ट हार्भेष्ट, बेचबिखन (कसरी बढी मुल्य पार्ने)तथा बजार ब्यवस्थापन, टमाटर खेतीको स्किम, च्याउ खेती स्किम, बचतका फाइदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको संस्थाको कार्यक्रम अधिकृत हरेराम राउतले बताएका थिए ।